जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २२७ • २०८३ जेठ २४ गते आईतवार • 7 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# महोत्तरीका सीमावर्ती क्षेत्रका सयौं नागरिकहरुलाई आफ्नै गाउँमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ जेठ**



उपचारका लागि अस्पतालसम्म पुग्न आर्थिक तथा भौगोलिक कठिनाइ भोगिरहेका महोत्तरीका सीमावर्ती क्षेत्रका सयौं नागरिकले शनिबार आफ्नै गाउँमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा पाएका छन् । सशस्त्र प्रहरी परिवार महिला सङ्घले महोत्तरीको सम्सीस्थित जनता माध्यमिक विद्यालयमा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा ठूलो सङ्ख्यामा स्थानीयवासी सहभागी भएका हुन् ।

सशस्त्र प्रहरी परिवार महिला सङ्घको २५औँ वार्षिकोत्सवको अवसरमा 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको शिविरले विशेषगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका विपन्न, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकालाई राहत दिएको छ । सामान्य अवस्थामा उपचारका लागि सदरमुकाम वा अन्य शहर धाउनुपर्ने बाध्यता रहेका स्थानीयले गाउँमै विशेषज्ञ चिकित्सकको सेवा पाएपछि खुसी व्यक्त गरेका छन् । शिविरमा सशस्त्र प्रहरीका चिकित्सकसहित विभिन्न विधाका विशेषज्ञ चिकित्सकहरूले स्वास्थ्य परीक्षण, परामर्श तथा आवश्यक औषधि निःशुल्क उपलब्ध गराएका थिए ।

हाडजोर्नी, नाक-कान-घाँटी, बालरोग, स्त्रीरोग, दन्तरोग, चर्मरोग तथा जनरल मेडिसिनसम्बन्धी सेवा प्रदान गरिएको थियो । उपचारसँगै रोग पहिचान, स्वास्थ्य सचेतना तथा आवश्यक परामर्शसमेत दिइएको आयोजकले जनाएको छ । सीमावर्ती क्षेत्रमा बसोबास गर्ने धेरै नागरिक आर्थिक अभाव तथा स्वास्थ्य संस्थाको दूरीका कारण नियमित उपचारबाट वञ्चित हुँदै आएका छन् ।

यस्ता समुदायलाई लक्षित गरी आयोजना गरिएको शिविरले तत्काल उपचार मात्र नभई स्वास्थ्यसम्बन्धी समस्याको पहिचान र समाधानमा समेत सहयोग पुर्‍याएको स्थानीयको भनाइ छ । सामान्यतया सीमा सुरक्षा र अपराध नियन्त्रणमा केन्द्रित रहने सशस्त्र प्रहरी यसपटक स्वास्थ्य सेवा लिएर गाउँमै पुगेपछि स्थानीयवासीमा उत्साह थपिएको देखिएको थियो । सुरक्षा निकायले सामाजिक उत्तरदायित्व अन्तर्गत नागरिकको आधारभूत आवश्यकतासँग जोडिएका क्षेत्रमा पनि सक्रियता देखाएको भन्दै स्थानीयले प्रशंसा गरेका छन् । शिविरको अवलोकन गर्दै महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सीमावर्ती क्षेत्रका नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको स्वास्थ्य शिविर प्रभावकारी र अनुकरणीय पहल भएको बताए । उनले राज्यका निकायहरूले नागरिकको घरदैलोमै पुगेर सेवा प्रवाह गर्ने संस्कृतिको विकास आवश्यक रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले सरकार र नागरिकबीचको सम्बन्ध थप सुदृढ बनाउने विश्वास व्यक्त गरे ।

सशस्त्र प्रहरी उपरीक्षक शेरबहादुर अधिकारीले सीमावर्ती क्षेत्रका नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको जानकारी दिए । उनका अनुसार अपेक्षाभन्दा बढी नागरिकले सेवा लिएका छन् र शिविरप्रति स्थानीयको सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । स्वास्थ्य शिविरमा सहभागी स्थानीयवासीहरूले उपचारका साथै आवश्यक औषधि निःशुल्क पाउँदा आर्थिक भार कम भएको बताए । कतिपय वृद्धवृद्धा र महिलाले लामो समयदेखि देखिएका स्वास्थ्य समस्याको परीक्षण गराउने अवसर पाएको उल्लेख गरेका छन् ।

स्थानीय समुदायले यस्ता कार्यक्रम एकपटकको औपचारिकतामा सीमित नराखी नियमित रूपमा सञ्चालन गर्न आग्रह गरेका छन् । उनीहरूका अनुसार सीमावर्ती क्षेत्रमा स्वास्थ्य सेवा, शिक्षा तथा अन्य आधारभूत सेवाको पहुँच अझै पनि चुनौतीपूर्ण रहेकाले यस्ता शिविरले प्रत्यक्ष राहत प्रदान गर्ने गरेको छ ।

# सडक अधिकार क्षेत्रभित्र पर्ने अतिक्रमित जमिन खाली गराउने अभियान तीव्र

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ जेठ**




भिट्ठामोड-जनकपुरधाम सडकखण्डमा सडक अधिकार क्षेत्रभित्र पर्ने अतिक्रमित जमिन खाली गराउने अभियान तीव्र पारिएको छ । लामो समयदेखि सडक सीमाभित्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन सम्बन्धित निकायले डोजर परिचालन गरेको हो ।

सडक विस्तार तथा यातायात सहज बनाउनका लागि सडक छेउमा बनेका अवैध संरचना र कब्जा गरिएका जग्गा खाली गराउने कार्य अघि बढाइएको स्थानीय प्रशासनले जनाएको छ । अभियानका क्रममा केही स्थानमा पसल, पर्खाल तथा अस्थायी संरचनाहरू हटाइएको छ । वर्षौंदेखि सडक सीमाभित्र अतिक्रमण बढ्दै जाँदा सवारी आवागमनमा समस्या उत्पन्न हुनुका साथै दुर्घटनाको जोखिम समेत बढ्दै गएको थियो ।

विशेषगरी व्यापारिक क्षेत्र आसपास सडक साँघुरिँदा जाम र दुर्घटनाको सम्भावना उच्च बनेको स्थानीयवासी बताउँछन् । अभियानका क्रममा सुरक्षाकर्मी र स्थानीय प्रशासनको उपस्थितिमा अतिक्रमित संरचना हटाइएको हो । सम्बन्धित निकायले पटक पटक सूचना जारी गर्दा पनि अतिक्रमण नहटाइएकाले बाध्य भएर डोजर चलाउनुपरेको जनाइएको छ ।

स्थानीय प्रशासनले सडक विस्तार र व्यवस्थित यातायातका लागि अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिने जनाएको छ । साथै, भविष्यमा पुनः अतिक्रमण हुन नदिन कडा निगरानी राखिने समेत बताइएको छ ।









# निष्ठावान् रणनीतिकार रोजौं

नेपालको वर्तमान समस्या धेरै हदसम्म केवल राजनीतिक नेतृत्वको संकटमात्र होइन, यो त गम्भीर बौद्धिक टाटपल्ट्याइँको संकट पनि रहेको देखिन्छ । हामीले विगत तीन दशकमा प्रधानमन्त्रीको कुर्सी परिवर्तन गर्न र अनुहार बदल्न धेरै राष्ट्रिय ऊर्जा र समय खर्च गरिसक्यौं, तर प्रधानमन्त्रीको वरिपरि रहने सोच, प्रवृत्ति र सल्लाहकारको गुणस्तर परिवर्तन गर्न कहिल्यै सकेनौं। राष्ट्रलाई आज यस्ता सल्लाहकारहरूको खाँचो रहेको छ– जो फाइलका पानाहरूमा लुकेका नियतहरू बुझ्न सकून्, तथ्यांकहरूको गहिरो विश्लेषण गर्न जानून्, विश्व राजनीतिको सूक्ष्म प्रक्षेपण गर्न सकून्, प्रधानमन्त्रीको गलत निर्णयमा असहमति राख्ने नैतिक बल राखून् र जसले पदका लागि आफ्नो बौद्धिक इमान कहिल्यै बेच्न नपरोस् ।

किनभने इतिहासले यो सत्य बारम्बार प्रमाणित गरेको देखिन्छ– 'एउटा खराब सल्लाहकारले इतिहासकै सबैभन्दा राम्रो नेतालाई पनि गलत र विनाशको बाटोमा लैजान सक्छ; तर एउटा उत्कृष्ट र निष्ठावान् सल्लाहकारले एउटा सामान्य नेतालाई समेत इतिहासकै असाधारण राष्ट्रनायक बनाइदिन सक्छन ।' नेपालले अब सिंहदरबारमा शासकको स्तुति गाउने भजनमण्डली होइन, बरु देशलाई नयाँ दिशा दिने दूरदर्शी र निष्ठावान् रणनीतिकार खोज्नुपर्ने बेला आइसकेको देखिन्छ । यसले देश तथा यहाँका जनतालाई सबल तथा आधुनिक बनाउनमा कोसे ढुँगा साबित हुने पक्का देखिन्छन् ।

# दलित छात्रावास निर्माण कार्यक्रम सरोकारवाला निकायको बेवास्ता र समन्वय अभावका कारण अलपत्र

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ जेठ**



मधेश प्रदेश सरकारले दलित समुदायलाई उच्च शिक्षातर्फ आकर्षित गर्ने उद्देश्यले सात वर्षअघि सुरु गरेको दलित छात्रावास निर्माण कार्यक्रम सरोकारवाला निकायको बेवास्ता र समन्वय अभावका कारण अलपत्र परेको छ ।

करोडौं रुपैयाँ बजेट विनियोजन तथा आंशिक भुक्तानी भइसके पनि अधिकांश छात्रावास भवन अधुरै अवस्थामा रहेका छन् । आर्थिक वर्ष २०७५/०७६ मा तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले 'बेटी पढाऔं, बेटी बचाऔं' कार्यक्रम अन्तर्गत प्रदेशका आठवटै जिल्लामा दलित छात्रावास निर्माण योजना अघि बढाएको थियो। १२ कोठा, स्नानगृह सहितको शौचालय, फर्निचर, विद्युत् तथा खानेपानी सुविधासहितका छात्रावास ६४ दिनभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखी प्रत्येकका लागि ९० लाखदेखि एक करोड रुपैयाँसम्म बजेट विनियोजन गरिएको थियो ।

धनुषाको रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, महोत्तरीको रामानन्द विशेश्वर बहुमुखी क्याम्पस, सर्लाही क्याम्पस मलङ्गवा, सप्तरीको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, सिरहाको सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, बाराको राष्ट्रिय माध्यमिक विद्यालय सिस्वा मोहनपुर तथा पर्साको ठाकुरराम बहुमुखी क्याम्पसमा छात्रावास निर्माणको योजना ल्याइएको थियो । निर्माण कार्य सुरु भए पनि जनकपुरधामस्थित रामस्वरुप रामसागर (राराब) बहुमुखी क्याम्पस बाहेक अन्य स्थानका भवन अधुरै अवस्थामा रहेका छन् ।

राराब बहुमुखी क्याम्पसमा भवन निर्माण सम्पन्न भए पनि विद्युत्, खानेपानी, शौचालय तथा फर्निचर जडानको काम अझै बाँकी छ । सम्बन्धित निकायलाई हस्तान्तरण हुन नसक्दा भवन प्रयोगविहीन बनेको छ । सात वर्ष बितिसक्दा पनि अधिकांश छात्रावास निर्माण सम्पन्न हुन सकेका छैनन् । यद्यपि निर्माण कार्य पूरा नभए पनि सम्बन्धित उपभोक्ता समितिहरूलाई ४० देखि ५० लाख रुपैयाँसम्म भुक्तानी भइसकेको जनाइएको छ । प्रदेश सरकारले छ करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन गरेकामा तीन करोड रुपैयाँभन्दा बढी रकम वितरण गरिसकेको स्रोतको भनाइ छ ।

निर्माण कार्यको जिम्मेवारी, ठेक्का प्रक्रिया तथा भुक्तानी विवरणबारे सम्बन्धित निकायहरू नै स्पष्ट नभएको देखिएको छ । योजना कसले कार्यान्वयन गऱ्यो, कुन निकायमार्फत निर्माण भयो र कति रकम खर्च भयो भन्ने विषयमा अभिलेखसमेत व्यवस्थित नरहेको पाइएको छ । शिक्षा तथा संस्कृतिमन्त्री मनोज सिंहले यस विषयमा आफूलाई पर्याप्त जानकारी नभएको बताउनुभयो ।

# विद्युत् कटौतीले सर्वसाधारणको जनजीवन थप कष्टकर

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ जेठ**




महोत्तरीको सदरमुकाम जलेश्वरसहित आसपासका क्षेत्रमा अत्यधिक गर्मी बढिरहेका बेला अनियमित विद्युत् कटौतीले सर्वसाधारणको जनजीवन थप कष्टकर बनेको छ । दिनहुँ पटक पटक विद्युत् आपूर्ति अवरुद्ध हुन थालेपछि स्थानीयवासीले जलेश्वर वितरण केन्द्रप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

पछिल्ला केही सातादेखि जलेश्वर नगरपालिका तथा आसपासका बस्तीहरूमा बिना पूर्वसूचना लामो समयसम्म विद्युत् आपूर्ति बन्द हुने क्रम बढेको उपभोक्ताहरूको गुनासो छ । अत्यधिक तापक्रमका कारण नागरिकहरू घरभित्र समेत बस्न कठिनाइ भइरहेको अवस्थामा विद्युत् कटौतीले समस्या झन् जटिल बनाएको उनीहरूको भनाइ छ । विशेषगरी ज्येष्ठ नागरिक, बालबालिका, बिरामी तथा दैनिक घरमै बस्नुपर्ने व्यक्तिहरू बढी प्रभावित भएका छन् । गर्मीबाट राहत पाउन पंखा, कुलर तथा अन्य विद्युतीय उपकरणको प्रयोग बढिरहेका बेला पटक पटक बत्ती जाने समस्याले उनीहरूलाई सास्ती थपिएको छ ।

विद्युत् अवरुद्ध हुँदा खानेपानी वितरण प्रणाली, इन्टरनेट सेवा, शैक्षिक गतिविधि तथा दैनिक प्रशासनिक कामकाजसमेत प्रभावित बन्न थालेका छन् । स्थानीय व्यवसायीहरूका अनुसार अनियमित विद्युत् आपूर्तिले व्यापार व्यवसाय सञ्चालनमा समेत प्रतिकूल असर पारेको छ । विशेषगरी कम्प्युटर, इन्टरनेट र विद्युतीय उपकरणमा आधारित व्यवसायले आर्थिक क्षति व्यहोर्नुपरेको उनीहरूको भनाइ छ । स्थानीयवासीहरूले वितरण केन्द्रले मर्मत सम्भार वा प्राविधिक समस्या भए त्यसबारे समयमै जानकारी नदिने गरेको आरोप लगाएका छन् ।

कुनै पूर्वसूचना बिना घण्टौंसम्म लाइन काटिँदा उपभोक्ताहरू अन्योलमा पर्ने गरेका छन् । 'गर्मीले रातदिन बस्नै कठिन भइरहेको छ । त्यसमाथि कहिले बत्ती जाने र कहिले आउने भन्ने टुंगो छैन,' एक स्थानीयले गुनासो गर्दै भने, 'समस्या के हो भन्ने जानकारीसमेत दिइँदैन ।' साना उद्योग, सेवा प्रदायक संस्था तथा व्यापारिक प्रतिष्ठानहरूले समेत विद्युत् आपूर्ति नियमित नहुँदा उत्पादन र सेवा प्रवाह प्रभावित भएको बताएका छन् । बारम्बारको विद्युत् अवरोधले व्यवसाय सञ्चालन खर्च बढ्नुका साथै ग्राहक सेवा प्रभावित हुने गरेको उनीहरूको भनाइ छ ।

उपभोक्ताहरूले विद्युत् आपूर्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाउन, अनावश्यक कटौती नियन्त्रण गर्न तथा मर्मत वा प्राविधिक कामका कारण लाइन बन्द गर्नुपर्ने भए पूर्वसूचना जारी गर्न माग गरेका छन् । चर्को गर्मीका बेला भइरहेको लामो समयको विद्युत् अवरोधले जनस्वास्थ्य र दैनिक जीवनमा प्रत्यक्ष असर परेकाले सम्बन्धित निकायले तत्काल समस्या समाधान गर्नुपर्ने उनीहरूको जोड छ ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: शुभ कार्यको शुरुवात
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: मनमा पछुतो आउने
धनु: लामो यात्राको योग छ
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: आम्दानी हुने



## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# तीन महिनाभित्र २० हजारभन्दा बढी इबोला संक्रमित हुने चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ जेठ



अफ्रिकी मुलुक कङ्गो लोकतान्त्रिक गणतन्त्रमा फैलिएको इबोला महामारीले गम्भीर रूप लिँदै गएको छ । अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले सार्वजनिक गरेको पछिल्लो विश्लेषणअनुसार संक्रमित व्यक्तिहरूलाई समयमै पहिचान गरी अलग राख्ने (आइसोलेट) कार्य प्रभावकारी हुन नसकेमा आगामी तीन महिनाभित्र संक्रमितको सङ्ख्या २० हजारभन्दा बढी पुग्न सक्ने उच्च जोखिम रहेको छ ।

केन्द्रका अनुसार हालको कमजोर नियन्त्रण अवस्थालाई नै निरन्तरता दिइएमा संक्रमितको सङ्ख्या २० हजार नाघ्ने सम्भावना ६५ प्रतिशतसम्म रहेको छ । विशेषज्ञहरूले इबोला संक्रमितलाई छिटो पहिचान गरी उपचार केन्द्रमा अलग राख्नु नै महामारी नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय भएको बताएका छन् । तर प्रभावित क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच सीमित हुनु, जनशक्तिको अभाव तथा असुरक्षाका कारण संक्रमितहरूको वास्तविक सङ्ख्या यकिन गर्न कठिन भइरहेको छ । इबोला नियन्त्रण अभियानमा संलग्न वरिष्ठ अधिकारी सतीश पिल्लईले संक्रमणको वास्तविक अवस्था अझै पूर्ण रूपमा स्पष्ट नभएको बताए । उनका अनुसार उपचार र अलग राख्नुपर्ने संक्रमितहरूको सङ्ख्या अनुमानभन्दा बढी हुन सक्ने सङ्केतहरू देखिएका छन् र स्थलगत अवस्थाले हाल संक्रमितहरूलाई अलग राख्ने कार्य पर्याप्त प्रभावकारी नभएको देखाएको उनले उल्लेख गरे ।

यसैबिच, विश्व स्वास्थ्य सङ्गठन र अफ्रिकी सङ्घको सार्वजनिक स्वास्थ्य निकायले कङ्गो तथा छिमेकी मुलुकहरूमा फैलिएको इबोला महामारी नियन्त्रण गर्न आगामी छ महिनाका लागि ५१ करोड ८० लाख अमेरिकी डलर आवश्यक पर्ने जनाएको छ ।

# युवालाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्ने 'स्ट्रोङ्गेस्ट म्यान एण्ड वुमन' प्रतियोगिता सम्पन्न

मोनु साह
जनकपुरधाम, २३ जेठ



जनकपुरधाममा आज Janakpur Strongest Man & Woman Championship २०८३ अन्तर्गत व्यापार संघको सभा हलमा बेन्च प्रेस तथा डेडलिफ्ट प्रतियोगिता उत्साहपूर्वक सम्पन्न भएको छ।

युवाहरूलाई खेलकुद, फिटनेस तथा स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा प्रदेशका विभिन्न जिल्लाबाट आएका खेलाडीहरूले आफ्नो शक्ति, अनुशासन र समर्पणको उत्कृष्ट प्रदर्शन गरेका थिए। सनी सिंह राजपुतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का युवा नेता विजय भगत प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए। प्रतियोगितामा पुरुष तथा महिला दुवै विधामा खेलाडीहरूबीच कडा प्रतिस्पर्धा देखिएको थियो भने खेलप्रेमीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि विजय भगत ले खेलकुदले स्वस्थ, अनुशासित र जिम्मेवार नागरिक निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले भने, "आजको समयमा युवालाई दुर्व्यसन, निराशा र सामाजिक विकृतिबाट जोगाउन खेलकुद भन्दा प्रभावकारी माध्यम अर्को हुन सक्दैन। शारीरिक रूपमा बलियो मात्र होइन, मानसिक रूपमा पनि सक्षम युवा नै राष्ट्रको शक्ति हुन्। जनकपुरमा यस्ता प्रतियोगिता नियमित रूपमा हुनुपर्छ र यसका लागि सबै पक्षले सहयोग गर्न आवश्यक छ।" उनले फिटनेस संस्कृतिको विकासले स्वस्थ समाज निर्माणमा टेवा पुग्ने उल्लेख गर्दै युवाहरूलाई खेलकुद र व्यायामलाई दैनिक जीवनको हिस्सा बनाउन आग्रह गरे।कार्यक्रमका अध्यक्ष तथा आयोजक सनी सिंह राजपुत ले जनकपुरमा फिटनेस तथा स्ट्रेन्थ स्पोर्ट्स लाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए। उनले भने, "शक्तिशाली युवा नै समृद्ध नेपालको आधार हुन्।

# धानुक जातिको धर्म, संस्कृति रीतिरिवाज संरक्षणबारे अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २३ जेठ

धानुक समुदायको धर्म, संस्कृति, भाषा तथा परम्परागत रीतिरिवाजको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका विषयमा केन्द्रित अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ।नेपाल धानुक समाज केन्द्रीय समितिको आयोजनामा तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान को सहयोगमा आयोजित कार्यक्रममा समुदायका अगुवा, बुद्धिजीवी तथा सामाजिक अभियन्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो।कार्यक्रममा जनता समाजवादी पार्टी (जसपा) का केन्द्रीय सचिव सुरेश मण्डल प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो भने कार्यक्रमको अध्यक्षता नेपाल धानुक समाजका केन्द्रीय अध्यक्ष शिवचन्द्र मण्डल ले गर्नुभएको थियो।कार्यक्रममा नेपाल धानुक समाजका केन्द्रीय सदस्य बेचन मण्डल, पिपुल्स प्रोमोट सेन्टर का अध्यक्ष कमलेश मण्डल, भोगेन्द्र मण्डल लगायत सिरहा, महोत्तरी र धनुषा जिल्लाका धानुक समाजका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो

।कार्यक्रममा प्रस्तुत सुझाव प्रतिवेदनमार्फत प्रमुख अतिथि सुरेश मण्डलले धानुक समुदायको मौलिक पहिचान संरक्षणका लागि भाषा, संस्कृति, भूगोल र सामाजिक इतिहासलाई जोडेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले समुदायको भाषा र सांस्कृतिक सम्पदाको संरक्षण नभए पहिचान संकटमा पर्न सक्ने बताउँदै नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति, परम्परा र मूल्य-मान्यतासँग जोड्नुपर्नेमा जोड दिनुभयो।वक्ताहरूले धानुक समुदायको धार्मिक, सांस्कृतिक



तथा सामाजिक परम्परालाई दस्तावेजीकरण गर्दै संरक्षणका लागि राज्य तथा सरोकारवाला निकायहरूले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गरेका थिए।

साथै समुदायको भाषा, भेषभूषा, लोकसंस्कृति र संस्कारलाई जगेर्ना गर्न सामूहिक पहल आवश्यक रहेको निष्कर्ष निकालिएको थियो।कार्यक्रमले धानुक समुदायको ऐतिहासिक पहिचान, धर्म, संस्कृति तथा रीतिरिवाजको संरक्षण र प्रवर्द्धनका लागि साझा प्रतिबद्धता व्यक्त गर्दै विभिन्न सुझावहरू समेत संकलन गरेको आयोजकले जनाएको छ।

# महोत्तरीमा १७ सदस्यीय जिल्ला स्तरीय बाल क्लब सञ्जाल गठन

मो. इर्शाद
महोत्तरी, २३ जेठ

बालबालिकाको सहभागिताको अधिकारलाई संस्थागत गर्दै महोत्तरी जिल्लामा १७ सदस्यीय जिल्ला स्तरीय बाल क्लब सञ्जाल गठन गरिएको छ। मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयको निर्देशन तथा जिल्ला समन्वय समिति महोत्तरी, सेभ द चिल्ड्रेन र रतौली युवा क्लबको समन्वयमा शुक्रबार जलेश्वरस्थित एक होटलमा आयोजित कार्यक्रममा सञ्जाल गठन गरिएको हो। नेपालको संविधानको धारा ३९ (३), बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी प्रदेश ऐन, २०७७ तथा बाल सहभागिता कार्यविधि, २०७८ अनुसार बालबालिकाको सहभागितालाई सुनिश्चित गर्ने उद्देश्यले जिल्ला स्तरीय बाल क्लब सञ्जाल गठन गरिएको हो। प्रदेश बाल क्लब सञ्जाल गठनका लागि जिल्ला तहबाट प्रतिनिधित्व सुनिश्चित गर्न मन्त्रालयले महोत्तरीमा सञ्जाल गठनको जिम्मेवारी रतौली युवा क्लबलाई दिएको थियो। कार्यक्रममा महोत्तरी जिल्लाका १५ वटै स्थानीय तहका पालिका स्तरीय बाल क्लब सञ्जाल (ऋऋल) का पदाधिकारीहरूको सहभागिता रहेको थियो। सहभागी बालबालिकामध्ये समावेशीकरणको आधारमा सर्वसम्मत रूपमा १७ सदस्यीय जिल्ला स्तरीय बाल क्लब सञ्जाल गठन गरिएको हो।नवगठित सञ्जालको अध्यक्षमा जलेश्वर नगर पालिकाका रितिक शर्मा चयन भएका छन्। त्यसैगरी पिपरा गाउँपालिकाकी जागृति राज चौधरी र लोहारपट्टी नगर पालिकाका कन्हैया कुमार साह उपाध्यक्ष चयन भएका छन्। बर्दिबास नगरपालिकाकी इसिका ढुङ्गेल सचिव तथा मनरा शिस्वा नगरपालिकाका अनिकेत कुमार मण्डल सहसचिव



चयन भएका छन्। त्यस्तै सदस्यहरूमा शुभम महतो, काजल कुमारी ठाकुर, नेहा कुमारी पासवान, सोनाक्षी कापर, राखी कुमारी ठाकुर, काजल कुमारी सदा, कुश कुमार सहनी, नितेश कुमार मण्डल, विन्दिया साह, कल्पना साह, विशाल कार्की र सुप्रिया पण्डित रहेका छन्। पदाधिकारी चयन तथा प्रतिनिधित्वका विषयमा सहभागी बालबालिकाबीच सहमति जुटाउन केही समय कठिनाइ भएको थियो। तथापि छलफल र सहमतिपछि कार्यसमिति सर्वसम्मत रूपमा गठन गरिएको आयोजक पक्षले जनाएको छ।

# चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यतिर पुग्दा पनि बजेट कार्यान्वयनमा उल्लेख्य प्रगति भएन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ जेठ



मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यतिर पुग्दा पनि बजेट कार्यान्वयनमा उल्लेख्य प्रगति गर्न सकेको छैन । प्रदेश सरकारले विनियोजन गरेको कुल बजेटको १९ दशमलव ४ प्रतिशत मात्रै खर्च भएको तथ्यांक सार्वजनिक भएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार चालु आर्थिक वर्षका लागि विनियोजित ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँमध्ये जेठ २१ गतेसम्म ९ अर्ब ११ करोड ९५ लाख ७५ हजार रुपैयाँ मात्र खर्च भएको छ ।

कुल खर्चमध्ये चालुतर्फ ५ अर्ब ३२ करोड ४४ लाख ८४ हजार रुपैयाँ खर्च भएको छ भने पुँजीगततर्फ ३ अर्ब ७९ करोड ५० लाख ९१ हजार रुपैयाँ खर्च भएको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिएका छन् । तथ्यांकअनुसार जेठ १३ गतेसम्म प्रदेश सरकारको कुल खर्च ८ अर्ब ७५ करोड ७६ लाख १४ हजार रुपैयाँ रहेको थियो। त्यसयता आठ दिनको अवधिमा खर्चमा ३६ करोड ४२ लाख रुपैयाँले वृद्धि भएको देखिएको छ। यस अवधिमा चालु खर्च करिब ९ करोड ७४ लाख रुपैयाँले बढ्दा पुँजीगत खर्चमा करिब १८ करोड ७८ लाख रुपैयाँको वृद्धि भएको छ। आर्थिक वर्ष समाप्त हुन एक महिनाभन्दा कम समय बाँकी रहँदा पनि बजेट खर्चको गति सुस्त देखिएको छ। विशेषगरी विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च अपेक्षाअनुसार बढ्न नसक्दा बजेट कार्यान्वयनको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ।

अर्थमन्त्री भट्टराईले जिम्मेवारी सम्हालेपछि प्रदेश सरकारको खर्च विवरण साताको आधारमा सार्वजनिक गर्न थालेका छन्। मन्त्रालयले नियमित रूपमा सार्वजनिक गर्ने यस्ता विवरणले प्रदेश सरकारको वित्तीय अनुशासन र बजेट कार्यान्वयनको अवस्थाबारे नागरिकलाई जानकारी दिन सहयोग पुगेको जनाएको छ।

# मधेश प्रदेश सरकारद्वारा मन्त्रालयको संख्या घटाउने तयारी

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ जेठ



मधेश प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी थालेको छ । भौगोलिक रूपमा सानो र आठ जिल्लामा सीमित प्रदेशमा मन्त्रालयको संख्या बढी भएको भन्दै प्रशासनिक खर्च घटाउने र मितव्ययिता कायम गर्ने उद्देश्य सहित मन्त्रालय पुनर्संरचनाको प्रक्रिया अघि बढाइएको हो । हाल १२ वटा मन्त्रालय सञ्चालनमा रहेको मधेश प्रदेशमा अब संख्या घटाएर ९ वटामा सीमित गर्ने प्रारम्भिक तयारी गरिएको छ ।

यसअघि गठबन्धन भित्रका दलहरूलाई व्यवस्थापन गर्दै सत्ता टिकाइ राख्न मन्त्रालयको संख्या क्रमशः बढाइएको भन्दै आलोचना हुँदै आएको थियो । त्यसको प्रत्यक्ष प्रभाव प्रशासनिक खर्च वृद्धि र संरचनागत असन्तुलनमा परेको टिप्पणी पनि हुँदै आएको छ । प्रदेश सरकारका अनुसार नयाँ संरचनाले सरकारी खर्च घटाउने, सेवा प्रवाह प्रभावकारी बनाउने तथा प्रशासनिक कार्यलाई चुस्त बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । मन्त्रालयहरूको कार्यक्षेत्र दोहोरोपन हटाउने र कार्यसम्पादन क्षमता बढाउने उद्देश्य पनि राखिएको छ । मन्त्रालय पुनर्संरचनाका लागि मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ । कार्यदलको सदस्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन् । कार्यदललाई हालको मन्त्रालय संरचना अध्ययन गरी आवश्यकताअनुसार घटाउने तथा पुनःसंरचनाको खाका तयार गर्ने जिम्मेवारी दिइएको छ ।

# बजेटमा मध्यमवर्गको भ्रम




- नेपालको बजेटमा मध्यमवर्गको नाममा गरिएका सुधार र नीतिहरूले बहुसंख्यक श्रमिक र गरिब वर्गको समस्या सम्बोधन गर्न सकेका छैनन् । अर्थमन्त्रीले नवउदारवादी नीतिको निरन्तरता दिँदै मध्यमवर्ग र निजी क्षेत्रलाई प्राथमिकता दिएका छन्, तर ८० प्रतिशत नेपाली परिवार अन्तर्राष्ट्रिय मापदण्डको मध्यमवर्गमा पर्दैनन् । सरकारका नीति र बजेटले कृषि, रोजगारी र सामाजिक सुरक्षामा दीर्घकालीन समाधान दिन नसकेको विश्लेषण गरिएको छ । सन् १९९२ देखि योजनाबद्ध रूपमा नेपाली अर्थतन्त्रलाई नवउदारवादी बजारको ढाँचामा विधिवत् प्रवेश गराइयो । एकै पटकमा उदारीकरण, निजीकरण तथा विश्वव्यापीकरण झेल्न हिजोआज चलनचल्तीको भाषामा भन्ने हो भने 'अस्टेरिटी प्याकेज' सहितको 'सक-थेरापी' झेल्न हाम्रो परिवेश तयार थियो वा थिएन भन्नेमा हाम्रा नीति निर्माताले ध्यान दिन आवश्यक नै ठानेनन् ।

अन्धाधुन्ध गरिएको आर्थिक उदारीकरण र निजीकरणले हामी कहाँ आइपुग्यौं, सबैमा विदितै छ । यद्यपि विगतका सरकारले नवउदारवादको कुनै विकल्प नै देखेनन् । बजेट भनेको कम्पनीको वासलात होइन, यो अर्थराजनीतिक दस्तावेज हो । चालु आर्थिक वर्षको अर्थतन्त्रको मूल प्रवृत्ति तथा त्यसले बेहोर्नुपरेको अवरोध र आइपरेका कठिनाइलाई आर्थिक सर्वेक्षणले विस्तृत रूपमा प्रस्तुत गर्छन् । त्यसलाई सच्याउने मनसाय राखेर बजेट निर्माण गर्ने गरिन्छ । तर लामो समयदेखि आर्थिक सर्वेक्षणले उद्घाटित गरेका तथ्यहरूलाई समेत बजेट निर्माण गर्दा ध्यान दिइएन । विशाल जनमत प्राप्त गरेको रास्वपा सरकार र त्यसका अर्थमन्त्रीले नयाँ क्रान्ति नै सम्पन्न भएको र अर्थतन्त्रमा 'पाराडाइम सिफ्ट' गर्ने घोषणासहित नयाँ नीति-कार्यक्रम र बजेट प्रस्तुत गर्ने घोषणा गरेका थिए । यद्यपि नवउदारवादको लिगेसी बोकेका अर्थमन्त्री स्वर्णिम वाग्लेले वर्तमान संकटमा केही परिष्कृत, परिमार्जित बजेट व्यवस्थापन गरिहाल्छन् कि भन्ने धेरैले आशा गरेका थिए ।

विद्यमान आर्थिक तथा सामाजिक समस्याः वार्षिक बजेट दीर्घकालीन योजना होइन । यद्यपि क्रान्तिकारी परिवर्तन गरिआएको सरकारले समयको मागअनुरूप बजेटमार्फत आफ्नो कार्यक्रम अघि सार्ने गर्छ । तर दाबी गरिएअनुसार त्यस्तो आमूल परिवर्तन वर्तमान सरकारबाट हुन्छ भन्ने आकलन यो पंक्तिकारले गरेको थिएन । किनकि, नेपालको आवधिक योजना र बजेटरी प्रणालीमा परोक्ष रूपमा सर्वाधिक हाबी हुँदै गएका अन्तर्राष्ट्रिय त्रय-वित्तीय संस्था ( आईएमएफ, वर्ल्ड बैंक तथा एसियाली विकास बैंक) को आर्थिक तथा सैद्धान्तिक रुझान एकाम्य भएर आएका अर्थमन्त्रीबाट र्‍याडिकल रिफर्मको सुधार हुने सम्भावना कल्पना गर्न सकिन्नथ्यो । यद्यपि नेपालले वर्तमानमा भोगिरहेका समस्यालाई तत्काल राहत दिनका लागि भए पनि बजेटमार्फत अल्पकालीन र आवधिक योजनालाई पुनरावलोकन गर्लान् भन्ने जुन आशा नेपाली मतदाताले राखेका थिए, त्यसको घोर उपेक्षा गरेका छन् । यतिबेला आम नेपालीले भोगिरहेका मूलभूत समस्यालाई यसरी प्रस्तुत गर्न सकिन्छ- (१) ग्रामीण बसाइँसराइ तीव्र भइरहेको छ र रोजगारीको मेरुदण्ड मानिने कृषि धराशायी बन्दै गएको छ । (२) कृषिबाट जीविकोपार्जनको भरोसा उठेर निस्किएको श्रमशक्ति देशमा अड्याउन सकिएको छैन । अर्को अर्थमा, नीतिगत सोचको अभावमा औद्योगिकीकरण हुन सकेन । कृषिबाट हताश, निराश कामदार सस्तो वैदेशिक रोजगारीमा निर्भर छन् ।

(३) धराशायी बन्दै गएको कृषि र रोजगारमूलक औद्योगिकीकरणको अभावमा मुलुकको अर्थतन्त्रमा 'डच डिजिज' को प्रभाव बढ्यो । अर्को शब्दमा, सम्पूर्ण वस्तु उत्पादनमा परनिर्भरता बढ्यो । (४) तीव्र बसाइँसराइले आक्रान्त गाउँ/नगरमा अवस्थित विद्यालय र स्वास्थ्यलयहरू विद्यार्थी तथा बिमारीको अभावले थलिँदै गएका छन् । एकीकृत ग्रामीण विकासको विश्वसनीय योजना र संस्थागत व्यवस्थापन नगरुन्जेल यिनको व्यवस्थापन दुरह बन्दै गएको देखिन्छ । (५) वैदेशिक रोजगार नेपाली अर्थतन्त्रको मूल आधार बन्दै गएको छ । तर तीन महिनादेखि अमेरिका तथा इजरायलद्वारा इरानमा गरिएको आक्रमणका कारण यो क्षेत्र दुविधाग्रस्त मात्र होइन, अनेक हिसाबले अवरुद्ध नै हुन पुगेको छ । यसले आम नेपालीको बदलिँदो जीवनशैली र आर्थिक जीविकाका आधारमा ठूलो असर पार्ने निश्चित जस्तै भएको छ । (६) युक्रेन-रुस युद्धले पारेको असरभन्दा हर्मुज जलघाटी क्षेत्र अवरुद्ध हुँदा पर्ने प्रभावले हाम्रो दैनिक जीवनचर्यामा ठूलो पीडा थपिएको छ । खासगरी सार्वजनिक यातायात र ढुवानीमा अचाक्ली मूल्यवृद्धि भएको छ । यातायात सेवा, लत्ताकपडा, खाद्यान्नलगायत उपभोग्य वस्तु तथा सेवा ढुवानीमा ३५ प्रतिशतभन्दा बढी मूल्यवृद्धि हुन पुगेको छ । (७) युद्ध मात्र होइन, महायुद्धको जोखिम पनि बढ्दो छ । खासगरी मध्यपूर्व, जसलाई खाडी राष्ट्रहरू पनि भन्ने गरिन्छ, त्यहाँ हाम्रा २० लाखभन्दा बढी मानिस रोजगारी गरिरहेका छन् । तिनीहरू ठूलो जोखिममा छन् ।

यी मूलभूत जोखिमलाई सल्ट्याउन विद्वान् अर्थमन्त्रीको बजेटमा भरपर्दो समाधान खोजिएको कुनै एउटा बुँदा पनि प्रस्तुत भएको देखिन्न । रास्वपाको सैद्धान्तिक वैचारिक जगः नेपालमा ८० प्रतिशत परिवार अन्तर्राष्ट्रिय मापदण्डको मध्यमवर्गमा पर्दैनन् र २०.३ प्रतिशत परिवार अझै अत्यन्त दरिद्र अवस्थामा छन्।सरकारको नीति कार्यक्रमको बचाउ गर्न अघिसरेका अर्थमन्त्रीले 'रास्वपा न नवउदारवादी, न त कम्युनिस्ट' रहेको स्पष्टोक्ति दिँदै उनले 'रास्वपा सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी शक्ति हो' भनेर संसद्मा रास्वपाको वैचारिकी प्रदर्शन गर्ने प्रयत्न गरेका थिए । यो भनाइ परस्परमा दोधारे अर्थ लाग्ने थियो । पहिलो वाक्यले 'मिश्रित अर्थतन्त्र' अर्थात् जोन मिन्यार्ड किन्सले प्रतिपादन गरेको लोककल्याणमा आधारित राज्य पुँजीवादको सैद्धान्तिक जगमा उभिन्छ भन्छ । दोस्रो वाक्यले मिल्टन फ्रिडमेनको झल्को दिन्छ । त्यसमाथि नीति-कार्यक्रमको मूल आशय 'सीमारहित अर्थतन्त्र, तौलरहित विकास' ले सामाजिक न्यायको गफलाई 'कक्टेल पार्टी'को गफ नै सावित गर्‍यो नै । ३५ वर्षे अनुभवले यही पुष्टि गरिसकेको छ । बजेटको दोस्रो बुँदामा अर्थमन्त्रीले राज्यको चरित्र, शासकीय संस्कार र अर्थतन्त्रको स्वरूप फेर्ने दायित्वका रूपमा जिम्मेवारी ग्रहण गरेको भनेका छन् । र, अर्को बुँदामा 'परिवर्तनको लक्ष्यलाई आत्मसात् गर्दै नीति, कानुन, संस्था, पद्धति, नेतृत्वमा परिष्कारपूर्वक सुशासनका मानक स्थापित गर्ने' ऐतिहासिक प्रतिबद्धता व्यक्त गरेका छन् । यसको अर्थ उनको पार्टीले मुलुकको बहुसंख्यक क्रियाशील श्रमशक्ति रहेको कृषि होस् या लाखौंलाख कामदार अटाउन सक्ने उद्योग तथा पूर्वाधार निर्माणको विस्तारमा भन्दा बढी थोरै रोजगारी उत्पादन गर्ने क्षेत्र सूचना तथा सञ्चार, आर्टिफिसिएल इन्टेलिजेन्स, वित्त तथा व्यापारलाई प्राथमिकता राख्न चाहेको प्रस्टिन्छ । यसको अर्थ मूल रूपमा धनाढ्य मध्यमवर्गको आर्थिक समृद्धिमा अर्थतन्त्र सबल हुन्छ र केही मानिस धनी भए भने सामान्यजनसम्म पनि प्रतिफल चुहिन्छ (ट्रिकल डाउन) हुन्छ भन्ने आत्मरतिमा रास्वपा रहेको पुष्टि हुन्छ । त्यसैले अर्थमन्त्रीले बजेटमा अबको अर्थतन्त्रको वाहक शक्तिका रूपमा उद्यमी व्यवसायीलाई अगाडि सारेका छन् । साथै, मध्यमवर्गको विस्तार गर्नका खातिर बजेटमा नयाँ भाषामा उदारीकरण, निजीकरण तथा वित्तीयकरण गर्ने कार्यक्रमलाई अगाडि बढाएका छन् । अर्थमन्त्रीले बजेटमा ठाडो भाषामा निजीकरण नभने पनि उनले टेलिकमलगायत अधिकांश सार्वजनिक संस्थाहरूको निजीकरण गर्न खोजेको प्रस्ट देखिन्छ । त्यसैगरी उनले अघि सारेको कर नीति र करको दर पनि हेरफेर गरेका समाचार बाहिरिएका छन् । दक्षिणपन्थी 'पपुलिस्ट' लाई किन चाहिन्छ मध्यमवर्ग ? साढे तीन दशक शासन चलाएका कांग्रेस र एमाले तथा विगत दुई दशकदेखि सत्तामा रहँदै आएको माओवादीले आफूलाई मध्यपन्थी उदारवादी र उदार वा 'र्‍याडिकल' वामपन्थी भने पनि बजेटमा वर्ग घुसाउन लाज मानिरहे । यद्यपि सबैले बुझ्ने भाषामा 'निजी क्षेत्रको' पक्षपोषणमा र पछिल्लो चरणमा खुलेयाम तिनकै पक्षमा हुने गरी करका दरमा घोप्लाबाजी गरे ।

**साभार : कान्तिपुर ।**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३।०२।२३ गतेका दिउँसो २:०० देखि २:३० बजेको बिचमा ज.उ.म.न.पा.-७ नयाँ बसपार्कमा रहेको ट्राफिक प्रहरी कार्यालयको पछाडीको गेटको नजिकबाट रातो कालो रंगको बजाज पल्सर १५० सि.सि.को इन्जिन नं. DHXDSD-20970 चेसिस नं. MD2A11CX9SPD-76252 र गाडी नं. लु.प्र.१-००८ प.४१३३ को मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाइदिनुहुन अनुरोध छ ।

**नामः सौरभ कुमार चौधरी**
**ठेगाना : जि.म.मलवारा-३**
**मो.नं.९८१७८३७२८२**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday